# लोकतान्त्रिक गैर सरकारी संस्था महासंघ, फेडेन नेपाल

## दोश्रो पश्चिमान्चल क्षेत्रीय भेला तथा प्रथम अधिवेशन

## १९ र २० वैशाख, २०७०

## पोखरा ।

विश्व प्रकाश प्रसाई,
सचिव
केन्द्रीय समिति,

## संक्षिप्त-प्रतिवेदन

**क) पृष्ठभुमीः**

यस महासंघ लोकतान्त्रिक मुल्य, मान्यता, मानवअधिकार र सामाजिक न्याएको सिद्धान्त प्रति प्रतिवद्ध गैर सरकारी सामाजिक संघसंस्थाहरुको राष्ट्रिय छाता संस्थाको रुपमा वि.सं. २०६३ सालमा राष्ट्रिय निर्देशन ऐन-२०१८ वमोजिम स्थापना भएको हो । यस महासंघमा संस्था दर्ता ऐन-२०३४ अर्न्तगत दर्ता भएका झण्डै ५ हजार ७ सय गैर सरकारी संस्थाहरु आवाद्ध रहेको र पश्चिमान्चल विकास क्षेत्रमा ६ सय ८० गैर सरकारी सामाजिक संस्थाहरु यस महासंघमा आवाद्ध रही क्रियाशिल रँहदै आएका छन् ।

विद्यमान राजनीतिक अन्यौलताको वावजुद जनताका व्यवहारिक आवश्यकता र वढदो आंकाक्षा विच समन्वयात्मक भुमिका निर्वाह गर्दै राज्यको सहयोगीको रुपमा नागरीक सामाजिक संस्थाहरुले खेल्नु पर्ने भुमिकालाई थप शसक्त वनाउनको लागि महासंघले दोश्रो पश्चिमान्चल क्षेत्रीय भेला तथा प्रथम अधिवेशन भव्यता पुर्वक नेपालको सुन्दर नगरी पोखरामा सुसम्पन्न गरेको छ । उक्त भेला तथा अधिवेशनको संक्षिप्त प्रतिवेदन निम्न अनुसार प्रस्तुत गरिएको छः

**ख) कार्यक्रमको मिति, समय र स्थानः**

**१) कार्यक्रम मितिः** २०७० वैषाख १९ र २० गते,

**२) स्थान र सयमः**

- **१) उद्घाटना समारोह** : जिल्ला विकास समिति कास्कीको सभाहल,
  **सयम** : दिनको ठिक २:३० वजे देखि ५ वजेसम्म,
- **२) कार्यशाला** : नेष्डो नेपालको हल, पोखरा-१७, विरौटा ड्यामसाईड, पोखरा
  : अपरान्ह ६:० वजे देखि १०:० वजेसम्म (पहिलो दिन)
  : विहान ७:० वजे देखि अपरान्ह १:० वजेसम्म (दोश्रो दिन)

कार्यक्रम तय गर्दा वन्दशेसन र आवसीय प्रवन्धक पश्चिमान्चल क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र, रामघाट पोखरामा गर्ने भनिएता पनि आवसीय व्यवस्थापनमा कमजोर सेवा सुविधा र भौगोलिक रुपमा टाढा हुन गएकोले आवास तथा भोजनको प्रवन्ध लेकसाईडमा नै होटल प्रिन्समा गरी वन्द शेसनको कार्यक्रम नेष्डो नेपालको सभाकक्षमा सम्पन्न भएको थियो ।

**ख) कार्यक्रमको उद्देश्य:**

१) महासंघको लक्ष्य उदेश्य प्राप्तीको लागि क्षेत्रीय तहको संरचनाको निर्माण र विकास गरी क्रियाशिल वनाउने,

२) महासंघलाई थप सुदृढीकरण गर्नका लागि सदस्य संस्थाहरुको धारणा वुझि रणनीतिक रुपमा अगाडी वढाउन पहल गर्ने,

३) क्षेत्रीय तहको नेतृत्व चयन गरी स्थानीय तहमा महासंघको सांगठानिक क्रियाशिलतालाई अभिवृद्धि गर्ने,

४) सदस्य संस्था र केन्द्र विच आपसी साक्षतकार गराउने,

ङ) गैर सरकारी क्षेत्रसंग सरोकार राख्ने निकाय विच महासंघको वारेमा जानकारी गराउदै कार्यमुलक सम्पर्क, समन्वय र सहकार्यका लागि वातवरणको सृजना गर्ने,

**ग) कार्यक्रमको संक्षिप्त विवरण:**

**१) कार्यक्रमको औपचारिक उद्घाटन:**



महासंघको दोश्रो पश्चिमान्चल भेला तथा प्रथम अधिवेशनको उद्घाटन समारोह अत्यन्त उत्साहप्रद रुपमा भव्यताका साथ सुसम्पन्न भयो । कार्यक्रम महासंघका सचिव श्री विश्व प्रकाश प्रसाईको अध्यक्षता, नेपाल सरकारका मानीय भौतिक पुर्वधार तथा यातयात व्यवस्था मन्त्री श्री छविराज पन्तज्यूको प्रमुख आतिथ्यता एवम् महासंघका केन्द्रीय अध्यक्ष श्री रमेश प्रसाद धमलाज्यू, संस्थापक अध्यक्ष डा. श्री बालगोपाल वैद्यज्यू, उपाध्यक्ष एवम् केन्द्रीय बालकल्याण समितिका अध्यक्ष डिल्लीराम गिरीज्यू तथा समाज कल्याण परिषदका सदस्य सचिव श्री रविन्द्र कुमार यादवज्यूको विशिष्ट आतित्यता एवम् महासंघका उपाध्यक्ष श्री सुलोचना शर्माज्यूको स्वागतमा सुसम्पन्न भएको थियो ।

उद्घाटन समारोहमा प्रमुख अतिथि माननीय मन्त्रीज्यूले सामाजिक विकासमा गैर सरकारी संघसंस्थाको भुमिका अत्यन्त महत्वपुर्ण रहेको वताउदै महासंघले सवैलाई समेटेर साझा छाताको रुपमा अगाडी वढोस भन्ने शुभकामना दिनु भयो । राजनीतिक दलको सहयोग भएमा मंशिर महिना भित्र संविधान सभाको निर्वाचन हुने उल्लेख गर्दै निर्वाचन हुँदा यस महासंघले सवै संघसंस्थाहरुलाई समेटेर संस्थाको महासंघका संस्थापक अध्यक्ष डा. वालगोपाल वैद्य, महासचिव मनोज कुमार कँडेल,

कोषाध्यक्ष श्री वसन्ती शाही, केन्द्रीय सदस्य वावुराम पौडेल, नेपाली काँग्रेस कास्कीका सभापती यज्ञ वहादुर थापा, नेविसंघका पुर्व अध्यक्ष गुरुराज घिमिरे, प्रमुख जिल्ला अधिकारी अधिकारी श्री यादव कोईरालाज्यू लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।



प्रमुख अतिथि माननीय मन्त्रीज्यू, विशिष्ट अतिथि समाज कल्याण परिषदका सदस्य सचिव ज्यू एवम् उपाध्यक्ष सुलोचना शर्माज्यूलाई दोसल्ला ओढाएर सम्मान गरिएको उद्घाटन कार्यक्रमको सञ्चालन नेष्डो नेपालका कार्यक्रम अधिकृत ओम्ना क्षेत्रीले गर्नु भएको थियो । उद्घाटन समारोह पुर्व अतिथिज्यूहरुलाई महासंघको तर्फवाट सावित्री खत्री क्षेत्री, लक्ष्मी मेधासी लगायतले फुलमालाले स्वागत गर्नु भएको थियो ।

## २) कार्यक्रममा सहभागिताः



कार्यक्रममा पश्चिमान्चल विकास क्षेत्रका १६ वटा जिल्लावाट कम्तिमा ८० जना प्रतिनिधी र केन्द्रीय समितिवाट २० जना गरी झण्डै १०० जनाको सहभागिता रहने अपेक्षा गरिएको यस भेलामा जिल्ला प्रतिनिधीहरुको गुणस्तरीय उपस्थिती रहे पनि संख्यात्मक रुपमा अपेक्षित उपस्थिती रहन सकेन । पश्चिमान्चल विकास क्षेत्रका अत्यन्त दुर्गम जिल्ला मनाङ्ग र मुस्ताङ्गवाट समेत सहभागिता रहनु यस भेलाको गौरवमय पक्ष छ भने वाग्लुङ्ग, कपिलवस्तु र स्याङ्गजा जस्ता सुगम जिल्लावाट प्रतिधित्वि हुन सकेन ।

३७ जना विभिन्न जिल्ला प्रतिनिधी समेत केन्द्रीय समितिवाट अध्यक्ष रमेश प्रसाद धमला, उपाध्यक्षत्रय डिल्लीराम गिरी, अशोकनाथ योगी र सुलोचना शर्मा, महासचिव मनोज कुमार कँडेल, कोषाध्यक्ष वसन्ती शाही, सचिवत्रय विश्व प्रकाश प्रसाई, निशान ढुँगेल र जय प्रकाश गुप्त, सदस्यहरु डेकेन्द्र कँडेल लगायत १७ जना केन्द्रीय समितिका पदाधिकारीको उपस्थिती रहेको थियो ।

## ३) कार्यक्रमको वन्दशेसनः

महासंघको दुई दिने क्षेत्रीय भेला तथा अधिवेशन जिल्ला विकास समितिको सभाहलमा भव्यता पुर्वक सम्पन्न भए पश्चात वन्दशेसनको कार्यक्रम पहिलो दिनमा नै शुभारम्भ भयो । वन्दशेसनको मुख्य गतिविधीहरु निम्न अनुसार रहेका थिए:

### ३.१. नाम दर्ता तथा प्रतिनिधी कार्ड विवतरणः

वन्दशसन स्थलमा पुगेपश्चात केन्द्रीय समितिवाट पाल्नु भएका पदाधिकारी तथा विभिन्न जिल्ला शाखावाट प्रतिनिधीत्व गर्ने सहभागीहरुको औपचारिक रुपमा नाम दर्ता गर्ने, दर्ता शुल्क लिने तथा झोला तथा अन्य स्टेशनरी सामाग्री वितरण गरिएको थियो । यस भेलामा प्रति सहभागी रु ५००/- दर्ता शुल्क कायम गरिएको थियो ।

### ३.२. अध्यक्षता ग्रहण तथा विषयवस्तु माथि छलफलः

वन्दशेसनको अध्यक्षता सचिव श्री विश्व प्रकाश प्रसाईज्यूले गर्नु भएको थियो भने वन्दशेसनमा केन्द्रीय अध्यक्ष श्री रमेश प्रसाद धमलाज्यू लगायत केन्द्रीय पदाधिकारी समेत शाखा प्रतिनिधीहरुको सहभागिता रहेको थियो ।



वन्दशेसनको शुभारम्भ मा प्रतिनिधी साथीहरु विच परिचय कार्यक्रम भएको थियो । परिचयका क्रममा सहभागीको नामथर, जिल्ला, जिल्लामा आफ्नो पद, सहभागी संस्था लगायतका कुराहरु व्यक्त गरिएको थियो ।

कार्यक्रममा परिचयका साथमा महासंघको वर्तमान अवस्था र संभावना, विभिन्न जिल्लावाट आउनु भएका साथीहरुको अपेक्षा र सुझावहरुलाई समेत प्रस्तुत गर्ने काम भएको थियो । खासगरी स्थानीय तहमा नियमित सुचना प्रवाह हुनुपर्ने, हरेक जिल्ला स्थित सरोकार वाला निकायमा फेडेनको प्रतिनिधीत्वका लागि केन्द्रलाई नीतिगत व्यवस्था गराउन पहल गर्नु पर्ने, शाखा र शाखामा आवद्ध संस्थाको क्षमता विकासका लागि केन्द्रले आवश्यक कार्यक्रमहरु ल्याउनु पर्ने र केन्द्रीय समितिका पदाधिकारीज्यूहरु जिल्ला तहमा पुगी प्रोत्साहन गर्नु पर्ने जस्ता अपेक्षाहरु विभिन्न जिल्लाको तर्फवाट प्रस्तुत गरिएका थिए ।

खासगरी पर्वत, अर्घाखाँची र कास्की लगायतका जिल्लाहरुमा फेडेनको संस्थागत हैसियत राम्रो रहेको तथा अन्य जिल्लामा थप शसक्त वनाउनका लागि लागी पर्नु पर्ने कुराहरु समेत अगाडी आए ।

साथै वन्दशेसमा सहभागीवाट प्रस्तुत अपेक्षालाई संवोधन गर्दै केन्द्रीय अध्यक्ष श्री रमेश प्रसाद धमलाज्यू, उपाध्यक्षत्रय डिल्लीराम गिरी, अशोकनाथ योगी, सुलोचना शर्मा, महासचिव मनोज कुमार ढुँगेल, कोषाध्यक्ष वसन्ती शाही, सचिव जय प्रकाश प्रसाद यादव  लगायतले केन्द्रले अव पुर्ण रुपमा महासंघको सुढ्ढीकरणका लागि आवश्यक पहल शुरुवात गर्ने वताउदै जिल्लाका साथिहरुलाई हर किसिमले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

### ३.३. क्षेत्रीय समिति सञ्चालन निर्देशिका माथि छलफल र स्वीकृतीका लागि सिफारिस एवम् स्वीकृतः

महासंघ केन्द्रीय समितिको दोश्रो वैठकले  दिएको जिम्मेवारी अनुसार सचिव श्री विश्व प्रकाश प्रसाईले तयार पारेको क्षेत्रीय संरचना गठन तथा सञ्चालन सम्वन्धि निर्देशिकालाई वन्द शेसनमा प्रस्तुत गरी सवैको राय लिई सो लाई परिमार्जन गरी स्वीकृतीका लागि केन्द्रीय समितिमा पेश गर्ने काम भयो भने केन्द्रीय समितिको वैठकवाट सो लाई स्वीकृत गरी सो वमोजिम क्षेत्रीय संरचना निर्माणको समेत कार्य यस अधिवेशनवाट सम्पन्न भएको छ ।

## घ) क्षेत्रीय अधिवेशन सम्पन्न तथा नेतृत्व चयनः

वन्दशेसनको विषयवस्तुका साथसाथै क्षेत्रीय समिति सञ्चालन निर्देशिका केन्द्रीय समितिवाट स्वीकृती भए पश्चात क्षेत्रीय समिति चयनका लागि निर्वाचन प्रक्रिया समेत शुभारम्भ भयो । स्वीकृत निर्देशिका वमोजिम सचिव श्री विश्व प्रकाश प्रसाई संयोजक रहेको ३ सदस्यीय निर्वाचन समिति गठन गर्ने काम भयो । जसको सदस्यमा उपाध्यक्ष श्री सुलोचना शर्मा र केन्द्रीय सदस्य राम प्रकाश सिग्देल रहनु भएको थियो ।




सर्वप्रथम विभिन्न जिल्लावाट क्षेत्रीय समितिमा रही काम गर्न इच्छुक साथीहरुवाट

मनोनयन माग गरिए पश्चात निर्वाचन समितिवाट सर्वसम्मतीमा नेतृत्व चयन गर्ने हलको अधिकार सहित निर्विरोधका लागि पहल भएको थियो । सर्वसम्मतीले चयन भएको लोकतान्त्रिक गैर सरकारी संस्था महासंघ, फेडेन नेपालको पश्चिमान्चल क्षेत्रीय समिति निम्न अनुसार रहेको छः-

**क) संरक्षक समितिः**

१) संरक्षक : श्री रमेश प्रसाद धमला, अध्यक्ष केन्द्रीय समिति,

२) संरक्षक : श्री सुलोचना शर्मा, उपाध्यक्ष, केन्द्रीय समिति,

**ख) सल्लाहकार समितिः**

१) संयोजक : श्री विश्व प्रकाश प्रसाई, सचिव केन्द्रीय समिति,

२) सदस्य : श्री ................ मनोनयन गर्न वाँकी,

**ग) क्षेत्रीय समितिः**

१) अध्यक्ष : श्री गोपाल प्रसाद पन्थी, अर्घाखाँची,

२) उपाध्यक्ष : श्री गणेश प्रसाद न्यौपाने, लमजुङ्ग

३) दृतिय उपाध्यक्ष : श्री वद्री प्रसाद मिश्र, तनहुँ

४) सचिवः : श्री मिन प्रसाद भट्टराई, कास्की

५) सहसचिव : श्री उत्तम प्रसाद अधिकारी, पर्वत

६) कोषाध्यक्ष : श्री गंगा पौडेल, पाल्पा

७) सदस्य : श्री केशव दास वैरागी, पर्वत

८) सदस्य : श्री रविकला खनाल, गोरखा

९) सदस्य : श्री सोनी श्रेष्ठ, मुस्ताङ्ग

१०) सदस्य : श्री चक्र वहादुर के.सी. म्याग्दी

११) सदस्य : श्री टासीढोमा घले, मनाङ्ग

**पदेन सदस्यः**

१२) केन्द्रीय सदस्य : श्री राम प्रकाश सिग्देल,

१३) केन्द्रीय सदस्य : श्री वावुराम पौडेल,

१४) केन्द्रीय सदस्य : श्री कमला लाछिछाने,

१५) केन्द्रीय सदस्य : श्री युवराज शर्मा,

१६) केन्द्रीय सदस्य : श्री निर्मला क्षेत्री,

**घ) निर्विरोध चयन भएका समितिका पदाधिकारीको पदस्थापना:**

नवनिर्वाचित क्षेत्रीय समितिका पदाधिकारीलाई महासंघका केन्द्रीय अध्यक्ष एवम् पदाधिकारीहरुले फुलमाला र अविर लगाई हार्दिक वधाई तथा पदस्थापना गराउनु भएको थियो ।

**३) क्षेत्रीय समितिको वैठक तथा महत्वपुर्ण निर्णय:**

महासंघको क्षेत्रीय समितिको पहिलो वैठक वन्द शेसनका अवधी भित्रै केन्द्रीय पदाधिकारीको रोहवरमा पोखरामा वस्यो । सो वैठकले ५ वटा विभिन्न प्रस्ताव माथि छलफल गरी निर्णयमा पुगेको थियो । जसमा फेडेनका केन्द्रीय पदाधिकारी लगायत निर्वाचन समिति एवम् सहयोगी संघसंस्था निकायलाई धन्यवाद दिने, अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतमा वैक खाता खोल्ने, आगामी वैठकसम्म समितिलाई पुर्णता दिने, वैठक हुने जिल्लाको जिल्ला शाखा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा वैठकमा आमन्त्रण गर्ने जस्ता महत्वपुर्ण निर्णयहरु रहेका छन् ।

**४) भेला सम्पन्न विशेष सहयोग:**

महासंघको भेला सम्पन्न गर्नका लागि विशेष गरी केही आर्थिक सहयोगदातवाट रु २५,०००/- सम्म सहयोग प्राप्त भएको थियो भने राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेष्डो नेपाल लगायतका संघसंस्थाहरुवाट व्यवस्थापनका लागि विशेष सहयोग प्राप्त भएको थियो ।

**५) ५ वुँदे घोषणपत्र जारी गर्दै क्षेत्रीय भेला सम्पन्न:**

महासंघको पश्चिमान्चल क्षेत्रीय भेला तथा प्रथम अधिवेशन ५ वुँदै पोखरापत्र घोषणापत्र जारी गर्दै सहयोगी सम्पुर्ण निकायलाई हार्दिक आभार एवम् धन्यवाद, नवनिर्वाचित क्षेत्रीय समितिलाई वधाई एवम् शुभकामनाका साथ २०७० वैशाख २० गतेका दिन अपरान्ह १:३० वजे सुसम्पन्न भएको थियो ।

**६) पश्चिमान्चल क्षेत्रको भावि कार्यक्रम:**

महासंघको तर्फवाट पश्चिमान्चल क्षेत्र विशेष  सामाजिक अभियान नामक प्रकाशन गर्न लागिएको छ । जसले महासंघको गरिमालाई सवैका सामु पुऱ्याउन र महासंघको साख वृद्धि गर्न सहयोग पुग्ने विश्वास लिईएको छ ।

**७) अन्त्यमा:**

सुस्ताई रहेको महासंघलाई थप गतिशिल वनाउनका लागि पश्चिमान्चल भेलालाई सहयोग पुऱ्याउने आर्थिक सहयोगदाता, व्यवस्थापकीय कार्यमा सहयोग गर्ने संघसंस्था, कार्यक्रमका प्रमुख अतिथि माननीय मन्त्रीज्यू, केन्द्रीय समितिका पदाधिकारीज्यूहरु लगायत सम्पुर्णमा हार्दिक धन्यवाद एवम् आभारका साथ भविस्यमा सहयोगको अपेक्षा गर्दछौं । धन्यवाद ।